# बजेट तर्जुमाका लागि वार्षिक आयोजना प्रस्ताव तथा छनौट सम्बन्धी निर्देशिका, २०८३

बागमती प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

CamScanner

CamScanner

# बजेट तर्जुमाका लागि वार्षिक आयोजना प्रस्ताव तथा छनौट सम्बन्धमा व्यवस्था गर्न बनेको निर्देशिका

स्वीकृत मितिः २०८३/०१/०७

**प्रस्तावना:** प्रदेश सरकारको बजेट तथा कार्यक्रम तर्जुमाका लागि आयोजना तथा कार्यक्रम छनौटका वस्तुगत आधारहरु निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा कार्यलाई समयाबद्ध एवं व्यवस्थित बनाउन वाञ्छनीय भएकोले

बागमती प्रदेश सभाबाट २०८२/०३/१३ गते पारित भएको संकल्प प्रस्तावको भावनालाई आत्मसात गर्दै प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम १२० ले दिएको अधिकार प्रयोग गरी आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशले यो निर्देशिका बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "बजेट तर्जुमाका लागि वार्षिक आयोजना प्रस्ताव तथा छनौट सम्बन्धी निर्देशिका, २०८३" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “आयोजना” भन्नाले वार्षिक बजेट तथा कार्यक्रममा प्रस्ताव गर्न यस कार्यविधि बमोजिम छनौट गरिएको पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजना सम्झनु पर्छ।

(ख) “कार्यालय” भन्नाले प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यसञ्चालन स्तरको कार्यालय सम्झनु पर्छ। यो शब्दले निर्देशानालयस्तरको कार्यालय समेतलाई जनाउँछ।

(ग) "केन्द्रीय निकाय" भन्नाले प्रदेश सरकारको मन्त्रालय, सचिवालय, आयोग र प्रदेश सरकारको केन्द्रीयस्तरको कार्यसञ्चालन गर्ने निकाय सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(ङ) "विषयगत मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको विषयगत मन्त्रालय सम्झनु पर्छ।



CamScanner

## परिच्छेद-२

## <u>बजेट तर्जुमाका आधार तथा मापदण्ड</u>

**३. <u>बजेट तर्जुमाका आधारः</u>** मन्त्रालयले वार्षिक बजेट तर्जुमा गर्दा र सोका लागि विषयगत मन्त्रालय तथा केन्द्रीय निकायहरुले कार्यक्रम तथा बजेट प्रस्ताव गर्दा देहायका विषयलाई आधार मान्नुपर्नेछः-

(क) नेपालको संविधान

(१) भाग ३: मौलिक हकहरु

(२) भाग ४: राज्यका निर्देशक सिद्धान्त र नीतिहरु

(३) भाग ५: राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड अन्तर्गत आर्थिक अधिकारको प्रयोग र राजस्व स्रोतको बाँडफाँड

(४) भाग १६: प्रदेश आर्थिक कार्यप्रणाली

(५) भाग २६: राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

(ख) बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८०

(ग) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ का सान्दर्भिक दफाहरु

(घ) प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ का सान्दर्भिक दफाहरु र प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ का सान्दर्भिक नियमहरु

(ङ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरु

(च) संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ का सान्दर्भिक दफाहरु

(छ) सार्वजनिक खरिद ऐन, २०६३ का सान्दर्भिक दफाहरु, सार्वजनिक खरिद नियमावली, २०६४ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०८० का सान्दर्भिक नियमहरु

(ज) प्रदेश भ्रमण खर्च नियमावली, २०७७ का सान्दर्भिक नियमहरु

(झ) वैदेशिक सहायता परिचालन नीति, २०७६ का सान्दर्भिक खण्डहरु

(ञ) नेपाल सरकार र बागमती प्रदेश सरकारको आवधिक योजना र मध्यमकालीन खर्च संरचना

(ट) लैङ्गिक उत्तरदायी बजेट (Gender Responsive Budget) का मूल्य मान्यताहरु

(ठ) दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य र प्रदेश सम्बद्ध सूचकहरु

(ड) अतिकम विकसित राष्ट्रबाट स्तरोन्नतिका रणनीतिहरु



CamScanner

(ढ) जलवायु परिवर्तन र प्रकोप व्यवस्थापन सम्बन्धी राष्ट्रिय तथा प्रादेशिक नीति तथा रणनीतिहरु

(ण) समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५

(त) प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७

(थ) नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको बाँडफाँट र विस्तृतीकरण प्रतिवेदन

(द) आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८०

(ध) बागमती प्रदेशको वार्षिक आयोजना छनौट कार्यविधि, २०७८

(न) बागमती प्रदेश सरकारका क्षेत्रगत नीति, योजना र गुरुयोजनाहरु

(ऩ) प्रदेश सरकारको संगठन संरचना, जनशक्ति र उपलब्ध स्रोत साधन

(प) मन्त्रालयबाट प्रदान गरिएको बजेट सीमा र मार्गदर्शन

(फ) अन्य प्रदेशका असल अभ्यासहरु।

४. **बजेट प्रस्ताव गर्दा पालना गर्नुपर्ने मापदण्डः** विषयगत मन्त्रालय तथा केन्द्रीय निकायहरुले आफू र आफू मातहतका निर्देशनालय, कार्यालय, आयोजना वा अन्य निकायको वार्षिक वजेट तथा कार्यक्रम प्रस्ताव गर्दा देहाय बमोजिमका मापदण्डहरुको पालना गर्नु पर्नेछः-

(क) प्रत्येक विषयगत मन्त्रालय वा केन्द्रीय निकायले मन्त्रालयमा आफ्नो र माताहतका निर्देशनालय एवं कार्यालयहरुको कार्यक्रम प्रस्ताव गर्दा आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मन्त्रालय/निकायगत मध्यमकालीन खर्च संरचना समेत पेश गर्नु पर्नेछ।

(ख) विषयगत मन्त्रालय तथा केन्द्रीय निकायहरुले आफू र आफू मातहतका निर्देशनालय, कार्यालय, आयोजना वा अन्य निकायहरुको वार्षिक बजेट तथा कार्यक्रममा देहायका क्षेत्रभित्र पर्ने आयोजना/कार्यक्रम/क्रियाकलापहरु मात्र प्रस्ताव गर्नुपर्नेछः-

(१) बागमती प्रदेश सरकार कार्यविभाजन नियमावली, २०८० बमोजिम आफ्नो कार्यक्षेत्रभित्र परेका विषयका आयोजनाहरु,

(२) नेपाल सरकारबाट जारी आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा ४ को उपदफा (२) ले परिभाषित गरेका प्रादेशिक आयोजनाभित्र पर्ने आयोजनाहरु



CamScanner

र दफा ५ बमोजिम साझा अधिकारक्षेत्रका आयोजनामध्ये प्रदेशले सञ्चालन गर्ने भनिएका आयोजनाहरु।

(ग) यस निर्देशिका बमोजिम बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने निकायले वार्षिक बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा विनियोजन दक्षता कायम गर्नका लागि देहाय बमोजिम गर्नु पर्नेछः-

(१) देहाय बमोजिमको रकम सम्बन्धित आयोजना/कार्यक्रम/क्रियाकलापमा विनियोजन गरेर मात्र नयाँ आयोजना/कार्यक्रम/क्रियाकलापका लागि बजेट प्रस्ताव गर्नु पर्नेछः-

क) सालबसाली रुपमा खर्च गर्नुपर्ने अनिवार्य दायित्वका क्रियाकलापहरु जस्तै तलब, भत्ता, इन्धन, घरभाडा, विद्युत, टेलिफोन, इन्टरनेट, खानेपानी आदिको लागत बराबरको रकम,

ख) चालु आर्थिक वर्षमा कार्य सम्पन्न भएको तर स्रोत अभावका कारण भुक्तानी दिन नसक्दा नियमानुसार आगामी आर्थिक वर्षका लागि सारिएको प्रमाणित दायित्त्व वापतको भुक्तानीका लागि आवश्यक पर्ने रकम,

ग) विशेष परिस्थितिबाट सिर्जित दायित्त्व मध्ये आगामी वर्षमा भुक्तानी गर्नु पर्ने रकम,

घ) आगामी आर्थिक वर्षभित्र सम्पन्न हुने क्रमागत तथा बहुवर्षीय आयोजनाहरुमा सिर्जना हुने दायित्त्व भुक्तानी गर्न आवश्यक पर्ने रकम,

ङ) बहुवर्षीय खरिद गुरुयोजना स्वीकृत भई बहुवर्षीय ठेक्का सम्झौता भएका आयोजनामा आगामी आर्थिक वर्षमा सम्पन्न हुने कार्यका लागि आवश्यक पर्ने रकम,

च) मध्यमकालीन खर्च संरचना बमोजिम आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुका लागि निर्धारित मापदण्ड (नर्म्स) का आधारमा लाग्ने अनुमानित लागत बमोजिमको रकम।

(२) प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २३ बमोजिम विषयगत मन्त्रालयबाट स्वीकृत भएका पूर्वाधार निर्माणका देहाय अनुसारका आयोजना मात्र आगामी आर्थिक वर्षबाट कार्यान्वयन गर्नेगरी बजेटमा समावेश गर्नु पर्नेछः-

क) सम्भाव्यता अध्ययनबाट उपयुक्त देखिएको,

ख) वित्तीय, सामाजिक, वातावरणीय र प्राविधिक विश्लेषणबाट उपयुक्त देखिएको,

ग) ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार भई स्वीकृत भएको,



CamScanner

घ) प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययन वा रणनीतिक वातावरणीय मूल्याङ्कन प्रतिवेदन तयार भई स्वीकृत भएको,

ङ) वन क्षेत्रको प्रयोग, रुख कटान र जग्गा प्राप्ति तथा मुआब्जा वितरण सम्बन्धी कानूनी प्रक्रिया पूरा भएको र यी विषयहरुमा कुनै विवाद वा अवरोध नरहेको,

च) कार्यान्वयन मोडालिटि स्पष्ट भएको,

छ) कार्यान्वयन गर्ने निकायको जनशक्ति उपलब्धता एवं कार्यान्वयन क्षमता भएको तथा कार्यान्वयनका लागि आवश्यक कच्चा पदार्थ, यन्त्र उपकरण, प्रविधि एवं अन्य सामग्रीहरु उपलब्ध रहेको वा हुन सक्ने आधार निश्चित भएको।

(३) विषयगत मन्त्रालय र केन्द्रीय निकायले यस दफा बमोजिमको मापदण्ड पूरा गरेका सबै आयोजना तथा कार्यक्रमहरु प्रदेश आयोजना बैंकमा प्रविष्टि भएको यकिन गर्नुपर्नेछ। आगामी आर्थिक वर्षका लागि आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो सूचीबाट मात्र आयोजना प्रस्ताव गर्नु पर्नेछ।

(४) प्रदेश नीति तथा योजना आयोगले प्रदेश आयोजना बैंकमा प्रविष्ट भएका आयोजनाको लेखाजोखा गरी विषयगत मन्त्रालय तथा केन्द्रीय निकायलाई आयोजनाको उपयुक्तता र प्राथमिकताका सम्बन्धमा आवश्यकता अनुसार पुनरावलोकन गर्न सुझाव दिन र सोका लागि आवश्यक सहजीकरण गर्न सक्नेछ।

(५) यस दफा बमोजिमका मापदण्ड पूरा भएका नयाँ आयोजना वा कार्यक्रममा आगामी आर्थिक वर्षका लागि बजेट प्रस्ताव गर्दा सो वर्षमा सम्पन्न हुन सक्ने क्रियाकलापहरु एकीन गरी तिनीहरुको खर्चको निर्धारित मापदण्ड (नर्म्स) का आधारमा तयार गरिएको अनुमानित लागत समावेश गरी सो बराबर मात्र बजेट प्रस्ताव गर्नु पर्नेछ।

(६) कुनै नयाँ आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक देखिएको अवस्थामा आगामी आर्थिक वर्षमा त्यस्ता आयोजना वा कार्यक्रमको सम्भाव्यता अध्ययन र आवश्यक पूर्वतयारी गर्नका लागि विषयगत मन्त्रालय वा केन्द्रीय निकायले "आयोजनाको सम्भाव्यता अध्ययन तथा कार्यान्वयनको पूर्वतयारी" शीर्षकमा त्यस्ता आयोजनाको सूचीसहित छुट्टै एकमुष्ट बजेट प्रस्ताव गर्न सक्नेछ।



CS CamScanner

(७) विषयगत मन्त्रालय वा केन्द्रीय निकायले आगामी आर्थिक वर्षबाट कार्यान्वयन गरिने नयाँ पूर्वाधार आयोजना प्रस्ताव गर्दा लागतका आधारमा देहाय अनुसारको अवधिमा आयोजना सम्पन्न गर्ने गरी प्रस्ताव गर्नु पर्नेछः-

क) रु. १० करोड सम्मका आयोजना दुई आर्थिक वर्षभित्र,

ख) रु. १० करोडभन्दा बढी रु. २० करोड सम्मका आयोजना बढीमा तीन वर्षभित्र,

ग) रु. २० करोडभन्दा बढी रु. ५० करोड सम्मका आयोजना बढीमा चार वर्षभित्र,

घ) रु. ५० करोडभन्दा बढी जतिसुकै लागतका आयोजना बढीमा पाँच वर्षभित्र।

(८) साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा त्यस्तो खर्चको सिर्जना गर्ने स्पष्ट आधारसहित प्रस्तावित रकमको पुष्ट्याईं गर्ने आवश्यक तथ्यगत विवरण विस्तृत रुपमा खुलाउनु पर्नेछ।

(९) विषयगत मन्त्रालयले आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा आर्थिक तथा सामाजिक विकासमा पछाडि परेका र न्यूनतम भौतिक पूर्वाधार विकास गर्न आवश्यक भएका स्थानलाई प्राथमिकता दिनु पर्नेछ। बाँकी स्थानहरुमा सम्भव भएसम्म स्थानीय तहगत, निर्वाचन क्षेत्रगत र जिल्लागत सन्तुलन कायम हुने गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु पर्नेछ।

(१०) चालु आर्थिक वर्ष वा सोभन्दा अगाडिबाटै कार्यान्वयनमा रहेका क्रमागत एवं बहुवर्षीय आयोजनामा बजेट प्रस्ताव गर्दा गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको छ महिनासम्मको वित्तीय तथा भौतिक प्रगति विवरण समेत समावेश गर्नु पर्नेछ।

(११) कुनै आयोजनामा स्थानीय तह वा निजी क्षेत्रसँगको सहलगानी वा साझेदारी गर्ने गरी बजेट प्रस्ताव गर्दा प्रस्तावित आयोजनाको लागत अनुमान, जग्गा प्राप्तिको विषय, स्थानीय तह वा निजी क्षेत्रको लागत सहभागिताको अंश, रकम हस्तान्तरण गर्ने विधि, प्रतिफल बाँडफाँट, लेखाङ्कन र लेखापरीक्षण संयन्त्र समेत प्रस्ताव गर्नु पर्नेछ।

(१२) प्रस्तावित बजेटको दिगो विकास लक्ष्य, लैङ्गिक उत्तरदायी बजेटको अवधारणा, जलवायु परिवर्तन अनुकूलन र गरिबी निबारणमा योगदानका आधारमा विभाजन र सांकेतीकरण (कोडिङ) गर्नु पर्नेछ।

(१३) विषयगत मन्त्रालय तथा केन्द्रीय निकायले बजेट प्रस्ताव गर्दा मन्त्रालयबाट प्राप्त बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनको पूर्ण रुपमा पालना गर्नु पर्नेछ।



CamScanner

## परिच्छेद - २

## आयोजना माग प्रस्तावका आधार र प्राथमिकताका क्षेत्र

५. **आयोजना प्रस्तावको क्षेत्रगत आधारः** (१) प्रदेशस्तरीय आयोजना प्रस्ताव गर्दा अनुसूची -१ बमोजिम विषय क्षेत्रगत आधारमा वर्गीकरण गरी प्रस्ताव गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना प्रस्ताव गर्दा देहाय बमोजिमका विषयलाई प्राथमिकता दिनु पर्नेछ,-

(क) प्रदेशको तीब्र आर्थिक वृद्धिमा योगदान पुऱ्याउने,

(ख) चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा योगदान पुग्ने,

(ग) आयोजनाको पूर्व तयारी पुरा भएको र छोटो अवधिमा सम्पन्न हुने,

(घ) प्रदेशको प्राथमिकता वा तुलनात्मक लाभका क्षेत्रमा योगदान पुऱ्याउने,

(ङ) भौगोलिक एवं मानव विकास सूचकाङ्कमा पछाडि परेको क्षेत्रलाई सम्बोधन गर्ने,

(च) सामाजिक समावेशीकरण र लैङ्गिक मूल प्रवाहीकरणमा योगदान पुऱ्याउने,

(छ) दिगो विकासका समग्र लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने,

(ज) विकास निर्माणमा लागत साझेदारीलाई प्रवर्द्धन गर्ने।

६. **आयोजनाको पहिचान, प्रस्ताव तथा विश्लेषणः** (१) प्रदेश सरकारका जिल्लास्थित कार्यालयले आगामी आर्थिक वर्षमा कार्यान्वयन गर्ने आयोजनाका लागि अनुसूची-२ बमोजिमको समयावधि भित्र आयोजना प्रस्ताव गर्न सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिमा सम्बन्धित जिल्लाका प्रदेश सभा सदस्यले आफ्नो निर्वाचन क्षेत्रभित्र कुनै आयोजना सञ्चालन गर्न आवश्यक र उपयुक्त ठानेमा सोको प्रस्ताव प्रदेशको सम्बन्धित बिषयगत कार्यालयमा पेश गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको अवधिमा स्थानीय तहले आफ्नो स्रोतबाट कार्यान्वयन गर्न नसक्ने प्रदेश सरकारको क्षेत्राधिकार भित्र पर्ने आयोजना प्रदेश सरकारबाट कार्यान्वयन गर्न आवश्यक ठानेमा सम्बन्धित कार्यालयमा आयोजना माग प्रस्ताव पेश गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको अवधिमा सरोकारवालाले समेत सार्वजनिक हित र सरोकार रहेको विषयमा आफ्नो क्षेत्रभित्र कुनै आयोजना पहिचान गरी त्यस्तो आयोजना प्रदेश सरकारबाट



CamScanner

कार्यान्वयन गर्न आवश्यक ठानेमा सम्बन्धित वडा वा सम्बन्धित निर्वाचन क्षेत्रका प्रदेश सभा सदस्यको सिफारिस संलग्न राखी सम्बन्धित कार्यालयमा आयोजना माग प्रस्ताव पेश गर्न सक्नेछ।

(५) उपदफा (२), (३) र (४) बमोजिमको प्रस्ताव भएका आयोजना बाहेक कार्यालयले आफ्नो नियमित कार्यसम्पादनको क्रममा अध्ययन विश्लेषण गरी उपयुक्त ठहरिएका र सङ्गठनको मूलभूत उद्देश्य पुरा गर्न सघाउने प्रकृतिका आयोजनाको पहिचान गरी दफा ८ को उपदफा (१) बमोजिमको समितिमा पेश गर्न सक्नेछ।

(६) उपदफा (२) वा (३) वा (४) बमोजिम आयोजना प्रस्ताव गर्दा अनुसूची -३ बमोजिमको ढाँचामा फाराम भरी सम्बन्धित कार्यालयमा आयोजना माग प्रस्ताव पेश गर्नुपर्नेछ। जिल्ला स्थित कार्यालय नभएको निकायको हकमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयमा माग गर्न सकिनेछ।

(७) आयोजनासँग सम्बन्धित कार्यालय वा मन्त्रालयले उपदफा (२) वा (३) वा (४) बमोजिम प्रस्ताव भई आएका आयोजना वा दफा ५ बमोजिम कार्यालयले पहिचान गरेका आयोजनाको विवरणको आधारमा अनुसूची-४ बमोजिमको ढाँचामा कागजात सहित अभिलेख राख्नु पर्नेछ।

(८) दफा ६ बमोजिम कार्यालयमा पेश हुन आएका आयोजना प्रस्तावको सम्बन्धमा कार्यालयले आवश्यकता अनुसार फिल्ड भिजिट गरी प्रारम्भिक परीक्षणबाट सम्भाव्य देखिएका, तोकिएको प्रकृया र मापदण्ड पुरा भएका र दफा ६ को उपदफा (५) बमोजिम कार्यालयले पहिचान गरेका आयोजनालाई यथासम्भव क्षेत्रगत सन्तुलन हुने गरी अनुसूची-५ बमोजिमको ढाँचामा विवरण तयार गरी अनुसूची -२ मा उल्लिखित समयावधिभित्र दफा ८ को उपदफा (१) बमोजिमको समिति समक्ष पेश गर्नुपर्नेछ।

(९) आयोजना कार्यान्वयन गर्ने कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रका आयोजना बैंकमा रहेका आयोजनाको अद्यावधिक सूची आफ्नो वेवसाइट वा सूचना पाटीमा प्रकाशन गर्नुपर्नेछ। आयोजना बैंक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि भएका आयोजनासँग दोहोरो नपर्ने गरी प्रस्ताव गरिएका नयाँ आयोजनालाई मात्र छनोट प्रकृयामा लगिनेछ।

७. **<u>आयोजनाको लागत र रकमको न्यूनतम सीमाः</u>** (१) यस कार्यविधि बमोजिम प्रदेश सरकारबाट कार्यान्वयन हुने गरी पूर्वाधार विकाससँग सम्बन्धित नयाँ आयोजना प्रस्ताव गर्दा देहाय बमोजिम रकमको न्यूनतम सीमा कायम गरी प्रस्ताव गर्नु पर्नेछ,-



CamScanner

| सि.नं. | आयोजनाको प्रकार | रकमको न्यूनतम सीमा (रु.) |
|---|---|---|
| १. | साना खानेपानी र साना सिँचाई | २० लाख |
| २. | लिफ्ट सिँचाई, लिफ्ट खानेपानी, सडक तथा पुल पूर्वाधार, भवन, पार्क, मन्दिर, तटबन्ध लगायत ठूला पूर्वाधार | ५० लाख |

(२) उपदफा (१) को लागत रकमको सीमा भन्दा कम लागतको आयोजनाको हकमा प्रदेश सरकारले सम्बन्धित स्थानीय तहबाट कार्यान्वयन हुने गरी मात्र आयोजना प्रस्ताव गर्नु पर्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै आर्थिक वर्षमा सम्पन्न हुने किसिमका पूर्वाधार मर्मतसम्भार सम्बन्धी आयोजना र आगामी आर्थिक वर्षमा सम्पन्न हुने क्रमागत आयोजनाको हकमा त्यस्ता आयोजना सम्पन्न हुन आवश्यक पर्ने बजेट प्रस्ताव गर्दा यस दफामा उल्लेख भए बमोजिम रकमको सीमा लागू हुने छैन।

८. **जिल्लास्तरीय आयोजना प्रस्ताव छनोट सिफारिस समिति:** (१) दफा ६ को उपदफा (८) बमोजिम पेश हुन आएका आयोजनाहरुका सम्बन्धमा छलफल, अन्तरक्रिया तथा विश्लेषण गरी प्रस्तावित आयोजनाहरु बीचमा भौगोलिक क्षेत्र, जिल्लागत र स्थानीय तहगत सन्तुलन हुने र दोहोरो नपर्ने गरी उपयुक्त आयोजना प्रस्ताव छनोटका लागि विषयगत मन्त्रालयमा सिफारिस गर्न प्रत्येक प्रदेश निर्वाचन क्षेत्रमा विषयगत मन्त्रालयगत रुपमा रहने गरी देहाय बमोजिम एक आयोजना छनौट सिफारिस समिति रहनेछ,-

(क) प्रत्यक्ष तर्फबाट निर्वाचित प्रदेशसभाका सदस्य - संयोजक

(ख) सम्बन्धित निर्वाचन क्षेत्रको नेतृत्व गर्ने प्रदेशसभाका समानुपातिक तर्फका सदस्य - सह-संयोजक

(ग) स्थानीय तहका प्रमुख/उपप्रमुख वा प्रमुखले तोकेको निर्वाचित प्रतिनिधी (प्रत्येक स्थानीय तहबाट एउटा कार्यालयको लागि एक जनाको सहभागीता हुने गरी) - सदस्य

(घ) कार्यालय प्रमुख, प्रदेश सरकारको योजना कार्यान्वयन गर्ने विषयगत कार्यालय/निकाय - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक सञ्चालन कार्यविधि सम्बन्धित कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।



CamScanner

(३) उपदफा (१) को खण्ड (क) को सदस्य उपस्थित नभएमा सह-संयोजकको नेतृत्वमा बैठक सञ्चालन गरिनेछ।

(४) उपदफा (१) बमोजिमको समितिको सदस्य सचिवले संयोजकसँग परामर्श गरी समितिका सदस्यलाई बैठक सञ्चालन हुने मिति, समय, स्थान तथा बैठकको कार्यसूची सहितको जानकारी बैठक हुने मितिको कम्तिमा तीन दिन अगाडि दिनुपर्नेछ।

(५) दफा ६ को उपदफा (८) बमोजिम पेश हुन आएका आयोजनालाई उपदफा (१) बमोजिमको समितिले छनौट गरी समितिको संयोजक र सदस्य-सचिवबाट प्रमाणित गराउनु पर्नेछ। यसरी समितिबाट प्रमाणित भएका आयोजनालाई कार्यालयले आयोजना बैङ्कमा प्रविष्ट गरी अनुसूची -२ बमोजिमको समयावधि भित्र तालुक मन्त्रालयमा विवरण पठाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको अवधिभित्र आयोजना सिफारिस हुन नसकेमा जिल्ला स्थित कार्यालयले प्राप्त हुन आएका आयोजना प्रस्तावहरुलाई प्रारम्भिक परीक्षण गरी उपयुक्त देखिएका आयोजनाहरुलाई आयोजना बैङ्कमा प्रविष्ट गरी विषयगत मन्त्रालयमा पेश गर्न बाधा पर्नेछैन।

(७) उपदफा (१) बमोजिमको समितिको सचिवालयको रुपमा जिल्लास्थित सम्बन्धित कार्यालय/निकायले कार्य गर्नेछ।

तर, कुनै विषयगत मन्त्रालयको जिल्लास्थित एक भन्दा बढी कार्यालय रहेको खण्डमा विषयगत मन्त्रालयले तोकेको कार्यालयले अन्य कार्यालयसँग समन्वय गरी सचिवालयको रुपमा काम गर्नुपर्नेछ।

९. **<u>विषयगत मन्त्रालयको जिम्मेवारी:</u>** (१) यस कार्यविधिको कार्यान्वयन गर्ने सम्बन्धमा विषयगत मन्त्रालयको जिम्मेवारी देहाय बमोजिम हुनेछ,-

(क) दफा ८ को उपदफा (५) बमोजिमको विवरण प्राप्त भएको मितिले ७ दिनको त्रुटी सच्याउने अवधि दिई प्राप्त आयोजना विवरणको विश्लेषण र रुजु गरी प्रमाणित गर्ने,

(ख) दफा ८ को उपदफा (७) बमोजिम जिल्लास्थित एक भन्दा बढी विषयगत कार्यालय भएमा समितिको सचिवालय तोकी समितिको बैठक सञ्चालन गर्न निर्देशन दिने लगायतका कार्यमा आवश्यक सहयोग र सहजीकरण गर्ने,

(ग) मातहतका जिल्लास्थित कार्यालयहरुलाई आयोजना प्रस्ताव, प्रारम्भिक परीक्षण तथा अन्य पूर्वतयारीका लागि क्षमता विकास, कार्ययोजना निर्माण तथा बजेट व्यवस्थापन लगायतका कार्यमा सहयोग गर्ने,



CS CamScanner

(घ) मातहतका जिल्लास्थित आयोजना कार्यान्वयन कार्यालयले विगत तीन आर्थिक वर्षमा विनयोजित औसत बजेट रकम अन्तर्गत कार्यान्वयनमा ल्याएका आयोजनाको विश्लेषण गरी आगामी आर्थिक वर्षका लागि प्रस्ताव गर्न सकिने नयाँ आयोजनाको सिमा तोक्ने,

(ङ) जिल्लास्थित कार्यालयमा आयोजना छनोट प्रक्रियामा कुनै द्विविधा वा समस्या उत्पन्न भएमा सोको तत्काल समाधान गरी नियमित कार्यसम्पादनको प्रबन्ध मिलाउने।

**१०. <u>आयोजनाको छनोट एवं प्राथमिकीकरण:</u>** (१) दफा ८ को उपदफा (५) र उपदफा (६) बमोजिम जिल्लास्थित कार्यालयबाट आयोजना बैङ्कमा प्रविष्टि भएका आयोजनामध्येबाट उपलब्ध हुन सक्ने सम्भाव्य बजेट सीमा र संस्थागत क्षमताका आधारमा आयोजनाको प्राथमिकीकरण गर्ने जिम्मेवारी विषयगत मन्त्रालयको हुनेछ।

(२) उपदफा (१) बमोजिमका आयोजनाको जिल्लागत विवरण विषयगत मन्त्रालयले अनुसूची-६ बमोजिमको ढाँचामा अनुसूची -२ मा उल्लिखित समयावधिभित्र आफ्नो वेभसाइटमार्फत सार्वजनिक गर्नु पर्नेछ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश गौरवका आयोजना तथा प्रदेश सरकारको नीति तथा कार्यक्रमको प्राथमिकतामा परेका, प्रदेशको आवधिक योजना र प्रादेशिक नीति अनुरुपको लक्ष्य वा उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउने प्रकृतिका तयारी पुरा भएका आयोजना विषयगत मन्त्रालयले मूल्याङ्कन र छनौट गरी आयोजना बैङ्कमा प्रविष्ट गरी प्राथमिकीकरण गर्न सक्नेछ। यसरी मूल्याङ्कन र छनौट गरिने आयोजनाको लागि अनुसूची-२ मा उल्लिखित समयसीमा लागू हुने छैन।

(४) यो कार्यविधि लागु हुनुभन्दा अघि वा यस कार्यविधि अनुसार कुनै आयोजनाको एक खण्ड वा चरण छनोट भइ कार्य सम्पन्न भएपछि पुनः सोही आयोजनाको अर्को खण्ड वा चरण कार्यान्वयन गर्नुपर्ने भएमा उक्त खण्ड वा चरणलाई पनि नयाँ आयोजना सरह मानी यस कार्यविधि अनुसारको सम्पूर्ण प्रक्रिया अलम्वन गर्नुपर्नेछ।

## <u>परिच्छेद-३</u>

## <u>बजेट तर्जुमाका चरण र निकायहरुको भूमिका</u>

**११. <u>बजेट तर्जुमा प्रक्रिया र समयतालिका:</u>** मन्त्रालयले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अनुसूची-७ बमोजिमको प्रक्रिया र समय तालिका अवलम्बन गर्नु पर्नेछ। तोकिएको समय तालिका



CS CamScanner

बमोजिमको प्रक्रिया सबै विषयगत मन्त्रालय तथा केन्द्रीय निकायहरुले पूर्ण रुपमा पालना गर्नु पर्नेछ।

१२. **बजेटको सीमा र मार्गदर्शन सम्बन्धी व्यवस्थाः** (१) वार्षिक बजेट तर्जुमाका लागि प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६ र प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम १८ बमोजिम स्रोत अनुमान समितिले आगामी आर्थिक वर्षको राजस्व र खर्चको अनुमान र बजेट सीमा निर्धारण गरी मन्त्रालयमा पेश गर्नेछ।

(२) स्रोत अनुमान समितिले तयार गरेको बजेटको सीमाभित्र रही मन्त्रालयले मन्त्रालयगत तथा निकायगत रुपमा चालु, पुँजीगत र वित्तीय व्यवस्था सहितको बजेटको सीमा र मार्गदर्शन तयार गर्नेछ।

(३) उपदफा (२) बमोजिम तयार गरेको मन्त्रालयगत बजेट सीमा र मार्गदर्शन मन्त्रालयले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पी.एल.एम.बी.आइ.एस.) मा प्रविष्टि गरी विषयगत मन्त्रालय तथा केन्द्रीय निकायमा पठाउनेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त बजेट सीमा तथा मार्गदर्शन प्राप्त भएपछि विषयगत मन्त्रालय तथा केन्द्रीय निकायले आफुले प्राप्त गरेको बजेट सीमाभित्र रही मातहतका निकायमा बजेट सीमा तथा मार्गदर्शन पठाउनु पर्नेछ।

१३. **बार्षिक बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने प्रक्रिया:** प्रदेश मातहतका निकायले वार्षिक बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा देहाय बमोजिमको प्रक्रियाको पालना गर्नु पर्नेछः-

(क) सम्बन्धित कार्यालय, केन्द्रीय निकाय तथा विषयगत मन्त्रालयले आफूलाई प्राप्त बजेट सिलिङ्ग र मार्गदर्शनको सीमाभित्र रहेर आ-आफ्नो वार्षिक बजेट तथा कार्यक्रम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली मार्फत प्रस्ताव गर्नु पर्नेछ। यसरी बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा प्रस्तावित कार्यक्रम कार्यान्वयन गर्ने निकायले नै प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ।

(ख) कार्यालयले वार्षिक बजेट तथा कार्यक्रमको सम्बन्धमा दफा १५ बमोजिमको समितिमा छलफल गरी निर्णय गराई सो अनुसार आफ्नो तालुक निकायमा बजेट तथा कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ। वार्षिक बजेट तथा कार्यक्रममा पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाको प्रस्ताव गर्दा भौगोलिक क्षेत्र, जिल्लागत तथा स्थानीय सन्तुलन कायम हुने गरी दफा १० को उपदफा (२) बमोजिमको सूचीमा रहेका र दफा १० को उपदफा (३) बमोजिम छनौट भएका आयोजनामध्येबाट मात्र प्रस्ताव गर्नुपर्नेछ।



CamScanner

(ग) सम्बन्धित तालुक निकायले खण्ड (क) र (ख) बमोजिम आफ्नो मातहतका निकायबाट प्रस्तावित बजेट तथा कार्यक्रम र आफ्नो निकायको वार्षिक बजेट तथा कार्यक्रम समेत दफा १५ बमोजिमको समितिमा छलफल गरी दोहोरोपना नहुने गरी मातहतका निकाय र आफ्नो वार्षिक बजेट तथा कार्यक्रम मन्त्रालयमा प्रस्ताव गर्नु पर्नेछ।

(घ) मन्त्रालयले यस दफा बमोजिम प्रस्ताव भएको वार्षिक बजेट तथा कार्यक्रममाथी दफा १५ को उपदफा (३) बमोजिमको समितिमा छलफल गरी बजेट तथा कार्यक्रमलाई अन्तिम रुप प्रदान गर्नुपर्नेछ।

**१४. <u>बजेटमा प्रस्ताव गर्न नहुने कार्यक्रमहरुः</u>** (१) यस कार्यविधिको अधीनमा रही बजेट प्रस्ताव गर्ने निकायले वार्षिक बजेट तथा कार्यक्रममा देहायका कार्यक्रमहरु प्रस्ताव गर्न पाइने छैन,-

(क) गैरसरकारी संघ, संस्था, फाउण्डेसन, प्रतिष्ठान, क्लब वा यस्तै प्रकृत्तिका अन्य संस्थालाई सशर्त वा निशर्त चालु अनुदान,

(ख) व्यक्तिको नाम तोकिएका पूर्वाधारका आयोजना, कुलदेवता वा कुलपुजाको नाम जोडिएका कुनै पनि कार्यक्रम,

(ग) संघीय निकायका कार्यालय वा सरकारी संस्थाको पूर्वाधार निर्माण वा संघीय निकायको कार्यक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित आयोजना वा कार्यक्रम,

(घ) स्थानीय निकायमा वित्तीय हस्तान्तरण भएर जाने अनुदान बाहेक स्थानीय निकायको कार्यक्षेत्रमा पर्ने विषयसँग सम्बन्धित आयोजना वा कार्यक्रम,

(ङ) मन्त्रालयबाट प्रेषित बजेट तर्जुमा मार्गदर्शनमा प्रदेश सरकारले कार्यान्वयन नगर्ने भनी उल्लेख भएका अन्य कार्यक्रम।

(२) उपदफा (१) विपरित बजेट तथा कार्यक्रम प्रस्ताव भएको पाइएमा दफा १५ को उपदफा (३) बमोजिमको मन्त्रालयगत समितिले बजेट छलफलकै क्रममा यस्ता कार्यक्रमहरु हटाउनेछ।

**१५. <u>बजेट तथा कार्यक्रममाथि छलफल</u>:** (१) यस कार्यविधि बमोजिम आगामी आर्थिक वर्षका लागि प्रस्तावित बजेट तथा कार्यक्रममाथि छलफल गर्न कार्यालय, निर्देशनालय र केन्द्रिय निकायको हकमा कार्यालय प्रमुखको संयोजकत्वमा र विषयगत मन्त्रालयमा सचिवको संयोजकत्वमा बजेट प्रस्ताव तथा छलफल समिति रहनेछ।



CamScanner

(२) उपदफा (१) बमोजिमको समितिले आफ्नो मातहतका निकायबाट प्रस्तावित बजेट तथा कार्यक्रम र आफ्नो निकायको लागि प्रस्ताव गरिने वार्षिक बजेट तथा कार्यक्रमउपर छलफल गरी प्रस्तावित बजेट तथा कार्यक्रमलाई अन्तिम रुप दिनेछ।

(३) उपदफा (२) बमोजिम विषयगत मन्त्रालयबाट प्रस्तावित बजेट तथा कार्यक्रमउपर छलफल गरी अन्तिम रुप दिन मन्त्रालयमा प्रदेश सचिवको संयोजकत्वमा एक समिति रहनेछ। उक्त समितिले देहायका विषयमा केन्द्रित रही प्रस्तावित बजेट तथा कार्यक्रम उपर छलफल गरी बजेट तथा कार्यक्रमलाई अन्तिम रुप प्रदान गर्नेछ,-

(क) यस कार्यविधिमा उल्लिखित बजेट तर्जुमाका आधार र आयोजना छनोटका मापदण्ड,

(ख) प्रस्तावित बजेट तथा कार्यक्रमको क्षेत्रगत लक्ष्य तथा उपलब्धी,

(ग) आयोजना कार्यान्वयनको समय तालिका, खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना,

(घ) आयोजनाको अपेक्षित प्रतिफल,

(ङ) वार्षिक नगद प्रवाह योजना, राजस्व अनुमानको आधार र राजस्व प्राप्त हुने समय,

(च) राजस्व प्रवाहमा पुग्ने योगदान,

(छ) स्रोतगत, खर्च शीर्षकगत तथा क्रियाकलापगत विषयहरु।

(४) उपदफा (३) बमोजिमको समितिमा छलफल गर्दा कुनै विवाद उत्पन्न भई बजेट तथा कार्यक्रमलाई अन्तिम रुप दिन समस्या भएमा उक्त समस्या समाधान गरी बजेट तथा कार्यक्रमलाई अन्तिम रुप दिने प्रयोजनका लागि मन्त्रालयमा देहाय बमोजिमको एक मन्त्रिस्तरीय समिति रहनेछ,-

| | |
|---|---|
| (क) मन्त्री, मन्त्रालय | -संयोजक |
| (ख) मन्त्री, सम्बन्धित मन्त्रालय | -सदस्य |
| (ग) प्रदेश सचिव, मन्त्रालय | -सदस्य |
| (घ) प्रदेश सचिव, सम्बन्धित मन्त्रालय | -सदस्य |
| (ङ) बजेट तथा कार्यक्रम महाशाखा प्रमुख | -सदस्य-सचिव |



CamScanner

## परिच्छेद-४
## विविध

१६. **संघीय समपूरक तथा विशेष अनुदानबाट सञ्चालित आयोजनाः** नेपाल सरकारबाट वित्तीय हस्तान्तरण मार्फत कार्यान्वयन हुने समपूरक अनुदान र विशेष अनुदानबाट सञ्चालन हुने आयोजना नेपाल सरकार समक्ष प्रस्ताव गर्न प्रदेश सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्दा विषयगत मन्त्रालयले यस कार्यविधि अनुसारको छनोट प्रक्रिया पुरा गरी आयोजना बैङ्कमा समावेश भएका आयोजना मध्येबाट मात्र प्रस्ताव गर्नु पर्नेछ।

१७. **आयोजना कार्यान्वयन नगरिनेः** (१) प्रदेश सरकारबाट दफा १० मा व्यवस्था भएबमोजिम बाहेकका अन्य आयोजनाहरु कार्यान्वयन हुने गरी विषयगत मन्त्रालयबाट आयोजना प्रस्ताव गर्न पाइने छैन।

(२) उपदफा (१) विपरित हुने गरी आयोजना छनोट तथा बजेट विनियोजन प्रक्रियामा संलग्न पदाधिकारीबाट काम हुन गएमा दफा १८ को आचारसंहिता उल्लङ्घन गरेको मानिनेछ।

१८. **आचारसंहिता पालनाः** (१) आयोजनाको माग, छनोट, मूल्याङ्कन, विश्लेषण, प्राथमिकीकरण तथा बजेट विनियोजन प्रक्रियामा संलग्न कर्मचारी, जनप्रतिनिधि वा अन्य सरोकारवालाले आफ्नो जिम्मेवारी निर्वाह गर्दा स्वार्थहिनता, सदाचारिता, स्वच्छता, इमान्दारिता, वस्तुगतता, निष्पक्षता, तटस्थता, पारदर्शिता र जवाफदेहिता जस्ता सिद्धान्तहरु अवलम्वन गरी सार्वजनिक हित र सरोकारको विषयलाई उच्च प्राथमिकता दिनुपर्नेछ।

(२) उपदफा (१) अनुसारको प्रक्रियामा संलग्न कुनै कर्मचारी, जनप्रतिनिधि वा अन्य कुनै व्यक्तिले आफ्नो जिम्मेवारी निर्वाहका क्रममा आफ्नो निजी वा परिवारको स्वार्थ वा आफ्नो लगानी वा हित रहेको कम्पनी वा व्यवसायलाई मात्र लाभ पुऱ्याउने वा पक्षपोषण हुने गरी काम गर्नु हुँदैन। यस्तो परिस्थिति आएमा आफ्नो तालुक निकाय वा तहमा जानकारी गराइ अलग रहनु पर्नेछ।

१९. **यस कार्यविधि अनुरुप भएको मानिनेः** यो कार्यविधि लागु हुनुभन्दा अघि जुनसुकै प्रकारले छनोट भइ कार्यान्वयनको चरणमा रहेका आयोजना पनि यसै कार्यविधि अनुरुप छनोट भएको मानिनेछ।

२०. **अनुसूचीमा संशोधनः** मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिको अनुसूचीमा आवश्यक संशोधन गर्न सक्नेछ।

२१. **आर्थिक वर्ष २०८३/८४ का लागि विशेष व्यवस्थाः** यस कार्यविधिमा अनुसूची-२ मा जुनसुकै कुरा लेखिएको भएता पनि आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रममा प्रस्ताव गरिने



CamScanner

आयोजना छनौटका लागि यस कार्यविधि बमोजिम आयोजना प्रस्ताव र छनौट सम्बन्धी कार्य २०८३ साल बैशाख मसान्तभित्र सम्पन्न गर्ने गरी विषयगत मन्त्रालयले कार्यतालिका बनाई आफ्ना मातहतका कार्यालयमा पत्राचारी गरी आयोजना प्रस्ताव र छनौटको प्रबन्ध गर्नुपर्नेछ।

२२. **<u>बाधा अड्काउ फुकाउने:</u>** यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ।



CamScanner

## अनुसूची -१
### (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
### <u>विषयक्षेत्रगत आधार</u>

| क.सं | प्रमुख विषय क्षेत्र | उपक्षेत्रहरू (पूर्वाधार निर्माणसँग सम्बन्धित) |
|---|---|---|
| १. | आर्थिक क्षेत्र | १.१ कृषि, १.२ उद्योग, १.३ पर्यटन, १.४ वाणिज्य तथा आपुर्ति, १.५ खानी तथा खनिज सम्पदा, १.६ सहकारी क्षेत्र, १.७ पशुपंक्षी तथा मत्स्य विकास, १.८ भूमि व्यवस्थापन, १.९ वन तथा जैविक विविधता, १.१० जलाधार संरक्षण |
| २. | सामाजिक क्षेत्र | २.१ शिक्षा तथा स्वास्थ्य २.२ खानेपानी, सरसफाई तथा ढल व्यवस्थापन २.३ युवा तथा खेलकुद २.४ संस्कृति तथा सम्पदा संरक्षण २.५ सेवामुलक सामुदायिक क्षेत्र |
| ३. | पूर्वाधार क्षेत्र | ३.१ शहरीकरण, ग्रामीण विकास तथा बस्ती व्यवस्थापन, ३.२ सिँचाई पूर्वाधार, ३.३ जलउत्पन्न प्रकोप व्यवस्थापन, ३.४ जलविद्युत, ३.५ सौर्य तथा अन्य नवीकरणीय उर्जा, ३.६ यातायात पूर्वाधार विकास ३.७ विज्ञान तथा प्रविधि, ३.८ सूचना तथा सञ्चार प्रविधि, ३.९ भवन निर्माण ३.१० सडक तथा पुल, केवुलकार ३.११ पोडवे, ३.१२ जल यातायात, |
| ४. | अन्तरसम्बन्धित क्षेत्र | ४.१ गरिबी निवारण, ४.२ श्रम तथा रोजगार, ४.३ वातावरण, जलवायु परिवर्तन, प्रदुषण रोकथाम ४.४ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन |



CamScanner

## अनुसूची -२
### (दफा ६, दफा ८ र दफा १० को उपदफा (३) सँग सम्बन्धित)
### आयोजना प्रस्ताव र छनौट सम्बन्धी कार्यतालिका

| क्र.सं. | आयोजना छनौटको चरण | समयावधि |
|---|---|---|
| १. | दफा ६ को उपदफा (१) बमोजिम कार्यालयले आयोजना प्रस्ताव गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने (क्र.सं. २ मा उल्लिखित समयावधि समेत उल्लेख गरी) | श्रावण १५ गते भित्र |
| २. | दफा ६ को उपदफा (२), उपदफा (३) र उपदफा (४) बमोजिम आयोजना प्रस्ताव पेश गर्ने | मसींर मसान्त सम्म |
| ३. | दफा ८ को उपदफा (१) बमोजिमको समिति समक्ष पेश गर्ने | पुष १५ गते भित्र |
| ४. | दफा ८ को उपदफा (५) र उपदफा (६) बमोजिम छनौट भएका आयोजनालाई आयोजना बैङ्कमा प्रविष्ट गरी विषयगत मन्त्रालयमा विवरण पठाउने | पुष मसान्तभित्र |
| ५. | दफा १० को उपदफा (३) बमोजिम विषयगत मन्त्रालयले आयोजना विवरण वेभसाइटमार्फत सार्वजनिक गर्ने | माघ १५ गते भित्र |



CamScanner

## अनुसूची -३

## (दफा ६ को उपदफा (६) सँग सम्बन्धित)

## प्रदेशस्तरीय आयोजना प्रस्ताव फारमको ढाँचा

मितिः-

श्री कार्यालय प्रमुखज्यू,

..................कार्यालय/निर्देशनालय/मन्त्रालय,

...........जिल्ला।

**विषयः- प्रदेशस्तरीय आयोजना प्रस्ताव गरिएको बारेमा।**

१. प्रस्तावित आयोजनाको नामः-...................

२. आयोजना स्थलः- जिल्लाः- ..... प्रदेश निर्वाचन क्षेत्र- .............

गाउँपालिका/नगरपालिकाः- वडा नं. ................. टोल : ...........................

(क) .............................

(ख) .............................

(आयोजनाको अनुमानित लम्बाई (सडक वा अन्य आवश्यक पर्नेमा)- ......... कि.मि.,

सुरु स्थानः- ........... अन्तिम स्थानः- ...... )

३. आयोजना प्रकृतिः- (नयाँ/क्रमागत/मर्मतसम्भार/पुनःनिर्माण/सुदृढीकरण/स्तरोन्नति)

४. योजनाको किसिमः- (कृषि/पर्यटन पूर्वाधार/शिक्षा/स्वास्थ्य/खेलकुद/सडक/खानेपानी/सिँचाई.......)

५. सम्भाव्यता अध्ययन/ विस्तृत अध्ययन/ वातावरणीय अध्ययन

(क) भएकोः....................

(ख) नभएकोः..............

(ग) आवश्यक नपर्ने...........

६. आयोजनाबाट लाभान्वित हुने अनुमानितः- घरधुरी संख्या.... जनसङ्ख्या- ... जग्गा/क्षेत्रफलः-

७. आयोजना माग गर्नुपर्ने कारणः-

(क).....................................

(ख)...................................

८. आयोजनालाई आवश्यक पर्ने अनुमानित क्षेत्र (जग्गा) को विवरणः-.......................

९. निर्माण गर्नुपर्ने संरचनाहरूको विवरणः-

(क)..............................

(ख)........................

१०. आयोजना निर्माण भएपछि हुनसक्ने लाभः-................................

११. विवाद भए/नभएकोः-...............................

१२. अनुमानित लागत (पूर्वानुमान गर्न सकिनेमा) ............................

१३. अन्यः........................

माग गर्ने सरोकारवाला/स्थानीय तह/प्रदेश सभा सदस्यको नाम, ठेगानाः-

छाप/दस्तखतः-



CamScanner

## अनुसूची-४
**(दफा ६ को उपदफा (७) सँग सम्बन्धित)**

**आयोजना प्रस्ताव सङ्कलन फारमको ढाँचा**

कार्यालयको नामः ..................................

जिल्लाः- ..................................

| क्र.सं. | दर्ता मिति | माग भएका आयोजनाको नाम र ठेगाना | गा.पा./ न.पा. | वडा नं. | टोल | आयोजनाको प्रमुख विषय क्षेत्र | लाभान्वित जनसङ्ख्या | अनुमानित लागत | माग गर्ने सरोकारवाला/ स्थानीय तह/प्रदेश सभा सदस्य/वा कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ........ | ............ | ....... | ...... | ....... | ........... | ........ | ...... | .............. | ..... |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**तयार गर्ने**
नामः-
पदः-
दस्तखतः-

**रुजु गर्नेः**
नामः-
पदः-
दस्तखतः-

**प्रमाणित गर्ने**
नामः-
पदः-
दस्तखतः-

***पुनश्चः***

१. आयोजनाको प्रमुख विषयक्षेत्रमा अनुसूची-१ बमोजिमको क्षेत्र उल्लेख गर्नुपर्नेछ।

२. तालुक निकायबाट प्राप्त विवरण समेत यसै फारममा सङ्कलन गर्नुपर्नेछ।



CamScanner

**अनुसूची -५**

**(दफा ६ को उपदफा (८) सँग सम्बन्धित)**

**सम्भाव्य देखिएका आयोजनाको विवरण**

कार्यालयको नाम.....................................

जिल्लाः- ............................ प्रदेश निर्वाचन क्षेत्रः-.........................

| क्र.सं. | आयोजनाको नाम | गा.पा./न.पा | वडा नं | टोल | अनुमानित लागत | सरोकार वालाले माग गरेको | स्थानीय तहबाट प्रदेशस्तरीय आयोजनाको रुपमा माग गरिएको | प्रदेश सभा सदस्यले माग गरेको | कार्यालय/मन्त्रालयले पहिचान गरेको | प्रदेशको कार्यक्षेत्रमा परेको | सम्भाव्यता अध्ययन भएको | एकभन्दा बढी स्थानीय तहलाई लाभ पुग्ने | प्रदेशको आवधिक योजनामा योगदान गर्ने | विकास निर्माणमा जनसहभागिता को योगदान | दिगो विकास लक्ष्यमा टेवा पुग्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

**तयार गर्ने**
नामः-
पदः-
दस्तखतः-

**रुजु गर्नेः**
नामः-
पदः-
दस्तखतः

**प्रमाणित गर्ने**
नामः-
पदः-
दस्तखतः-

**पुनश्चः**

१. जिल्ला स्थित विषयगत कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रका आयोजनाको विवरण तयार गर्नुपर्नेछ।

२. आयोजनाको विवरण तयार गरी एक प्रति जिल्लास्तरीय आयोजना प्रस्ताव छनोट सिफारिस समिति समक्ष पेस गर्नुपर्ने।



CamScanner

**अनुसूची -६**

**(दफा १० को उपदफा (३) सँग सम्बन्धित)**

**मन्त्रालयबाट प्रमाणित भएका आयोजनाको विवरण**

**बागमती प्रदेश सरकार**

**................................ मन्त्रालय**

**मिति :**

| क.सं. | आयोजनाको नाम र ठेगाना | आयोजना कार्यान्वयन हुने गा.पा./न.पा | अनुमानित लागत | आयोजनाको अवधि | माग/सिफारिस गर्ने निकाय | आयोजनाको विषय क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**तयार गर्ने**
नामः-
पदः-
दस्तखतः-

**रुजु गर्नेः**
नामः-
पदः-
दस्तखतः

**प्रमाणित गर्ने**
नामः-
पदः-
दस्तखतः-

**द्रष्टव्य:** उल्लिखित ढाँचामा योजना शाखा प्रमुखले तयारी गरी महाशाखा प्रमुखबाट रुजु गराई लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गर्ने ।



CamScanner

**अनुसूची-७**

**(दफा ११ सँग सम्बन्धित)**

**<u>वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका चरण र समयसीमा</u>**

| क्र.सं. | चरणहरु | जिम्मेवारी | समय सीमा |
|---|---|---|---|
| १. | आयव्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण नेपाल सरकारमा पेश गर्ने | मन्त्रालय | पुष मसान्त भित्र |
| २. | स्रोत तथा खर्चको सीमा निर्धारण (प्रारम्भिक) | मन्त्रालय | माघ मसान्त भित्र |
| ३. | बजेट तथा कार्यक्रमका लागि सुझाव उपलब्ध गराउने सम्बन्धी सूचना प्रकाशन गर्ने | मन्त्रालय | फागुन मसान्त भित्र |
| ४. | संघबाट प्राप्त वित्तीय हस्तान्तरणको सीमा र मार्गदर्शन समेतलाई समेटी स्रोत अनुमान समितिले प्रदेशको एकीकृत स्रोत अनुमान तथा बजेट सीमा निर्धारण | मन्त्रालय | चैत सात गते भित्र |
| ५. | आगामी आर्थिक वर्षको बजेट सीमा र मार्गदर्शन विषयगत मन्त्रालय/ केन्द्रीय निकायलाई पठाउने | मन्त्रालय | चैत दश गते भित्र |
| ६. | राजस्व परामर्श समितिको प्रतिवेदन पेश गर्ने | मन्त्रालय | चैत मसान्त भित्र |
| ७. | विषयगत मन्त्रालय तथा केन्द्रीय निकायबाट बजेट प्रस्ताव गर्ने | विषयगत मन्त्रालय | वैशाख दश गते भित्र |
| ८. | विषयगत मन्त्रालयहरु र मन्त्रालय बिच प्रस्तावित बजेट तथा कार्यक्रम उपर छलफल तथा संशोधन गर्ने कार्य समाप्ति | मन्त्रालय | जेठ पन्ध्र गते भित्र |
| ९. | प्रदेश सभामा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्ने | आर्थिक मामिला तथा योजना मन्त्री | जेठ पन्ध्र गते भित्र |
| १०. | मन्त्रालयबाट वार्षिक बजेट तथा कार्यक्रमलाई अन्तिम रुप दिने | मन्त्रालय | जेठ एक्काइस गते भित्र |
| ११. | प्रदेश मन्त्रिपरिषद्बाट वार्षिक कार्यक्रम स्वीकृत गर्ने | मन्त्रालय | जेठको अन्तिम हप्ता भित्र |
| १२. | विनियोजन विधेयक, आर्थिक विधेयक मस्यौदा, मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गर्ने | मन्त्रालय | जेठको अन्तिम हप्ता भित्र |



CS CamScanner

| क.सं. | चरणहरु | जिम्मेवारी | समय सीमा |
|---|---|---|---|
| १३. | बजेट वक्तव्य तयार गर्ने | मन्त्रालय | जेठको अन्तिम हप्ता भित्र |
| १४. | प्रदेश सभामा बजेट पेश | आर्थिक मामिला तथा योजना मन्त्री | असार १ गते |
| १५. | बजेट तथा कार्यक्रम सर्वसाधारणको लागि प्रकाशन गर्नुपर्ने | मन्त्रालय | प्रदेश सभाले स्वीकृत गरे पश्चात |



CamScanner